# आधारभूत तहमा दलित छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता

त्रि. वि. शिक्षा शास्त्र सङ्काय स्नातकोत्तर तह दोस्रो वर्ष शैक्षिक योजना तथा व्यवस्थापन विषय (कोर्ष नं ५९८) को आंशिक आवश्यकता पूरा गर्ने प्रयोजनका लागि प्रस्तुत शोधपत्र


शोधकर्ता

रमेशकुमार श्रेष्ठ

परीक्षा रोल नं : २२२००३८

त्रि.वि. रजिष्ट्रेशन नं : २८०१५-९०



त्रि. वि शिक्षा शास्त्र संकाय वरुण बहुमुखी क्याम्पस

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

खाँदवारी, सङ्खुवा सभा

२०७१

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक, व्यवस्थापन र शिक्षाशास्त्र अध्ययन सङ्काय
**वरुण बहुमुखी क्याम्पस**
खाँदबारी, सखुवासभा
(जनस्तरमा सञ्चालित)
(स्था : २०४३)
फोन नं. : ०२९-५६०१९५
०२९-५६०६९५

# सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय वरुण बहुमुखी क्याम्पस खाँदबारी शैक्षिक योजना तथा व्यवस्थापन विषय एम.एड. शोध वर्षका छात्र रमेशकुमार श्रेष्ठ ले आधारभूत तहमा दलित छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता शीर्षकको शोध पत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । अध्ययन अनुसन्धानको सीमा र मर्मलाई ध्यानमा राखी मेहनतपुर्वक तयार गर्नुभएको यो शोध पत्र देखि म सन्तुष्ट भई मूल्याङ्कनका लागि शोध पत्र मूल्याङ्कन समिति समक्ष सिफारिस गर्दछु ।

.................................

शोध निर्देशक

सन्तोषकुमार बराल

मिति : २०७२/०२/०१

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक, व्यवस्थापन र शिक्षाशास्त्र अध्ययन सङ्काय
**वरुण बहुमुखी क्याम्पस**
खाँदबारी, संखुवासभा
(जनस्तरमा सञ्चालित)
(स्था : २०४३)
फोन नं. : ०२९-५६०१९५
०२९-५६०६९५

## स्वीकृती-पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय शैक्षिक योजना तथा व्यवस्थापन विषय स्नातकोत्तर तह शोध वर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि रमेशकुमार श्रेष्ठ ले आधारभूत तहमा दलित छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता शीर्षकमा गर्नुभएको शोध पत्र शोध मुल्याङ्कन समितिबाट मुल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

शोध मुल्याङ्कन समिति

| क.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | क्याम्पस प्रमुख टीकाराम गुरुङ्ग | अध्यक्ष | |
| २. | सन्तोषकुमार बराल | शोध निर्देशक | |
| ३. | मोहनमणी पोखरेल | बाह्य सुपरिवेक्षक | |

मिति : २०७२/०२/०६

# कृतज्ञता

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयको आंशिक आवश्यकता पूरा गर्ने प्रयोजनका लागि “आधारभूत तहमा दलित छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता” शीर्षकमा यो शोधपत्र तयार पारिएको हो ।

प्रस्तुत शोधपत्र तयारीका क्रममा विभिन्न विद्वानहरुबाट आवश्यक सहयोग प्राप्त गरेको छु । शिक्षाशास्त्र सङ्काय शैक्षिक योजना तथा व्यवस्थापन विभागका विभागीय प्रमुख आदरणीय गुरु श्री सन्तोषकुमार बराल ज्यूको निर्देशमा यो शोधपत्र तयार पारिएको हुँदा शोध प्रबन्धको रुपरेखा निर्माणदेखि सामग्री सङ्कलन, विश्लेषणका क्रममा आवश्यक निर्देशन, सरसल्लाह, सुझाव एवं प्रेरणा प्रदान गर्नुहुने शोध निर्देशक तथा विभागीय प्रमुख सन्तोषकुमार बराल ज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । समयमानै शोध प्रस्ताव स्वीकृत गरी कार्य थालनी गर्न घच्घच्याई सहयोग पुऱ्याउनुहुने बरुण बहुमुखी क्यामपसका क्याम्पस प्रमुख श्री टीकाराम गुरुङ ज्यूप्रति पनि हार्दिक आभार व्यक्त  गर्दछु ।  त्यस्तै शोध पत्र तयारी कै प्रारम्भदेखि अन्तसम्म विभिन्न सुझाव, सल्लाह, हौसला र यथोचित मार्ग निर्देशन गरिदिनुहुने आदरणीय गुरुवरनिलमणी पोखेल ज्यूप्रति अन्तस्करणबाटै कृतज्ञता ज्ञापन गर्दछु । यस शोधपत्रको पाद टिप्पणी सन्दर्भ ग्रन्थ सूचीमा वर्णित कृतिका विद्वान लेखक, सम्पादक र प्रकाशकहरुलाई पनि धन्यवाद दिन चाहन्छु ।

शोधपत्र तयारीको क्रममा प्रश्नावली भरी सहयोग पुऱ्याउनु हुने सम्बन्धित शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्ष, विद्यार्थी, अभिभावक, विद्यालय निरीक्षक,  शिक्षा कार्यालयका कर्मचारी, स्रोतव्यक्ति र कम्प्युटरमा सहयोग गर्ने युनिक कम्प्युटर सर्भिस सेन्टर खाँदबारी तथा सम्बद्ध सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

शोधार्थी

# शोधसार

शिक्षाको मूलधारमा आउन नसकेका खासगरी गरीब, विपन्न र सुविधाविहीन बालबालिकाहरुलाई विद्यालयमा भर्ना गरी गुणस्तरीय शिक्षा प्रदान गर्नु आजको चुनौती हो । यो राष्ट्रिय समस्या समाधान गर्न सरकारले विभिन्न प्रोत्साहित कार्यक्रमहरु संचालन गर्दै आएको छ । यस्ता कार्यक्रमहरु मध्ये विद्यालयको प्राथमिक तहमा मात्र सरकारले प्रदान गर्दै आएको पचास प्रतिशत छात्रा छात्रवृत्ति कार्यक्रम पनि एक भएकाले "आधारभूत तहमा दलित छात्रवृत्ति कार्यक्रमको प्रभावकारीता" शीर्षकमा यो शोध पत्र तयार गरिएको छ ।

अध्यननका उद्देश्यहरुमा आधारभूत तहमा दलित छात्र/छात्रा सहभागिताको वर्तमान अवस्था पहिचान गर्ने, दलित छात्रवृत्ति कार्यक्रमको प्रभावकारिताको लेखा-जोखा गर्ने र यस कार्यक्रमको कार्यान्वयनसँग सम्बन्धित यावत् पक्षहरुहरुलाई प्रभावकारी तुल्याउने उपायहरु सुझाउने रहेको छ । प्रस्तुत अध्ययनलाई प्रष्ट्याउन विभिन्न अनुसन्धानात्मक प्रश्नहरु निर्माण गरी तिनै प्रश्नहरुमा अध्ययनलाई केन्द्रित गरिएको छ ।

अध्ययनलाई सङ्खुवा सभा जिल्लाको जिल्लाको खाँदवारी अगुवा स्रोतकेन्द्र अन्तर्गतका चौतिस वटा सामुदायिक विद्यालयहरु मध्ये  निम्न माध्यमिक र माध्यमिक गरी छ वटा विद्यालयहरुको आधारभूत तहमा मात्र सीमित गरिएको छ । अध्ययनको सैद्धान्तिक खाका अन्तर्गत अब्राहम मास्लो (१९४३)को अभिप्रेरणाको सिद्धान्त अन्तर्गत "आवश्यकतामा आधारित सिद्धान्त" र वि.एफ.स्किनरको "कार्यवाहक सम्बद्ध सिकाइ सिद्धान्त" सँग आवद्ध गरी अध्ययनलाई अगाडि बढाइएको छ भने साहित्यको पुनरावलोकनका रुपमा जागरण मिडिया सेन्टरले गरेका दलित छात्रवृत्तिसँग सम्बन्धित अनुसन्धानात्मक साहित्य एवं दलितहरुसँग सम्बन्धित लेख रचना, पत्र पत्रिका, अनुसन्धान प्रतिवेदन आदिको अध्ययन तथा विश्लेषण गरिएको छ ।

अध्ययन परिमाणात्मक र गुणात्मक दुवै पक्षमा केन्द्रित छ । अध्ययनमा विद्यालय सर्वेक्षण फाराम, प्रश्नावली अन्तरवार्ता फाराम, छलफल, अबलोकन जस्ता तथ्याङ्क सङ्कलनका प्राथमिक साधनहरुको प्रयोग गरिएको छ भने विद्यालयको शैक्षिक तथ्याङ्क, विभिन्न शैक्षिक

बुलेटिन र योजनाहरु, पत्रपत्रिका, प्रतिवेदन, पुस्तक, लेख, रचना, कार्यक्रम कार्यान्वयन निर्देशिका आदिबाट सहायक तथ्याङ्क सङ्कलन गरिएको छ । अध्ययनका उत्तरदाताहरु शिक्षक, प्र.अ., विद्यार्थी, अभिभावक, वि.नि., स्रोतव्यक्ति, शा.अ. र वि.व्य.स. अध्यक्षहरु रहेका छन् ।

सङ्कलित तथ्याङ्कहरुलाई उद्देश्यका आधारमा वर्गीकरण गरी विभिन्न तालिका, ग्राफ चार्टका आधारमा ब्याख्या एवं विश्लेषण गरिएको छ । दलित छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनसँग सम्बन्धित लक्षित आधारहरु, दलित छात्रवृत्ति कोटा र रकमको पारदर्शिता, छात्रवृत्ति वितरण परम्परा, कार्यान्वयन निर्देशिका सम्बन्धी धारणा र यसको पालना, रकमको पर्याप्तता/अपर्याप्तता, सदुपयोग स्थिति, कार्यक्रम कार्यान्वयनमा जि.शि.का. को भूमिका, कार्यक्रमको आलोचनात्मक पक्ष र सकारात्मक पक्षहरु जस्ता शीर्षकहरुप्रतिको सम्बद्ध सरोकारहरुबाट प्राप्त प्रतिक्रियाहरुलाई तालिकीकरण गरी शोधकार्यलाई अझ बढी यथार्थ र बस्तुपरक बनाइएको छ ।

ब्याख्या विश्लेषणबाट प्राप्त नतिजाअनुसार यस छात्रवृत्ति कार्यक्रमले दलित छात्रछात्राहरुको भर्नादर बढाउने, कक्षा छाड्ने दर घटाउने, नियमितता बढाउने, कक्षोत्तीर्ण दर बढाउने र सिकाइ उपलब्धि स्थितिमा सुधार ल्याउन यथेष्ट प्रभाव पारेको पाइयो । यस कार्यक्रमको विश्लेषणबाट प्राप्त नतिजाअनुसार यो कार्यक्रम दलित बालबालिकाहरुका निम्ति विद्यालयमा भर्ना पहुँच बढाउने एक सशक्त माध्यम बनेको तर न्यून रकम भएका कारण यसले अति विपन्न वर्गका दलितलाई खासै प्रभाव पार्न नसकेको पाइयो । छात्रवृत्तिसम्बन्धी कार्य सञ्चालन निर्देशिकाको पूर्ण पालना गर्दै थप अन्य सहयोगी कार्यक्रम सञ्चालन गर्न सकेमा अति विपन्न वर्गका दलितका लागि समेत थुप्रै शैक्षिक अवसरहरुको सम्भावना यस कार्यक्रममा रहेको पाइयो । त्यस्तै छात्रवृत्ति योजना, व्यवस्थापन र कार्यान्वयनमा थुप्रै जटिलताहरु रहेको तथ्यलाई अध्ययनले देखाएको छ ।

छात्रा छात्रवृत्ति कार्यक्रमलाई प्रभावकारी तुल्याउन योजना व्यवस्थापन र कार्यान्वयन पक्षमा धेरै सुधारको खाँचो रहेको अध्ययनले देखाएको छ । शिक्षाको अवसर लागत र शैक्षिक लागत समावेश गरी छात्रवृत्तिको कोटा र रकम बढाउनु पर्ने, छात्रवृत्ति वितरण समय र

*प्रक्रियामा लचकता हुनु पर्ने, नागरिक समाजका सदस्यहरुलाई समेत छात्रवृत्ति वितरण प्रक्रियामा समावेश गराई वितरण प्रणाली र प्रक्रियालाई पारदर्शिता र सहभागितामूलक बनाउनु पर्ने, हरेक , स्थानीय तहमा छात्रवृत्ति वितरण गर्ने र अनुगमन गर्ने प्रभावकारी संयन्त्र निर्माण गर्नु पर्ने र छात्रवृत्ति कार्यक्रमलाई एक प्रभावकारी प्रोत्साहित कार्यक्रमका रुपमा स्थापित गर्न यसै कार्यक्रमको सहयोगी कार्यक्रमका रुपमा खाजा, तेल, मट्टितेलको वितरण गर्ने नीतिगत व्यवस्था गरी दलित वर्गका शिक्षामा पहुँच पुचाइ देश विकासको मूल धारमा समाहित हुन सक्ने गरी दलित छात्रवृत्तिको व्यववस्था मिलाउनु पर्ने लगायतका कुराहरुलाई अध्ययनले सिफारिश गरेको छ ।*

# विषय सूची


| विषय | पेज न. |
|---|---|
| शिफारिस पत्र | I |
| स्वीकृति पत्र | II |
| प्राक्कथन | III |
| शोधसार | IV-VI |
| विषय सूची | VII-IX |
| तालिका सूची | X |
| संक्षिप्त शव्दावली | XI |


## परिच्छेद एक :

## परिचय


| | |
|---|---|
| १.१ पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ५ |
| १.३ अध्ययनको औचित्य | ७ |
| १.४ अध्ययनका उद्देश्यहरु | ८ |
| १.५ अनुसन्धानात्मक प्रश्नहरु | ८ |
| १.६ अध्ययनका परिसीमाहरु | ९ |


## परिच्छेद दुई :

## सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक आधार


| | |
|---|---|
| २.१ सम्बन्धित साहित्यको पुनरावलोकन | १० |
| २.२ अध्ययनको सैद्धान्तिक खाका | १५ |
| २.३ अनुसन्धानमा पुनरावलोकनको प्रयोग | १८ |

## परिच्छेद तीन :

## अध्ययन विधि


३.१ अनुसन्धानात्मक ढाँचा २०

३.२ जनसंख्या र नमूना २०

३.३ तथ्याङ्क सङ्कलनका सामग्रीहरु २१

३.४ तथ्याङ्कको स्रोत २२

३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया २२

३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया २३


## परिच्छेद चार :

## नतिजा विश्लेषण


४.१ प्राथमिक शिक्षामा छात्रा सहभागिताको वर्तमान स्थिति २४

४.१.१ विद्यालय सेवा क्षेत्रमा छात्राहरुको सहजै देखिने भर्ना स्थिति २५

४.१.२ विद्यालय सेवा क्षेत्रमा छात्राहरुको खूद भर्नादर स्थिति २६

४.२ दलित छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता २८

४.२.१ विद्यार्थी नियमितता २९

४.२.२ दलित छात्र छात्राहरुको कक्षोत्तीर्ण अवस्था ३२

४.२.३ कक्षा छाड्ने छात्र/छात्राहरु (दलितहरु मात्र) ३४

४.२.४ दलित छात्र छात्राहरुको सिकाइ उपलब्धि स्थिति ३७

४.२.५ छात्रवृत्ति कोटा र रकमको पारदर्शिता ४०

४.२.५.१ छात्रवृत्ति वितरण परम्परा ४१

४.२.५.२ छात्रवृत्ति कार्यसञ्चालन निर्देशिका सम्बन्धी धारणा ४३

४.२.५.३ कार्यक्रम कार्यान्वयनमा जिल्ला शिक्षा कार्यालयको भूमिका ४५

४.२.५.४ छात्रा छात्रवृत्ति रकमको पर्याप्तता/अपर्याप्तता ४७

४.२.५.५ छात्रवृत्तिको सदुपयोग स्थिति ४९

४.२.५.६ दलित छात्रवृत्ति प्रतिको सकारात्मकता ५१

४.२.५.७ दलित छात्रवृत्ति कार्यक्रमको विविध पक्षहरुको विश्लेषण ५३

४.२.६ सबल पक्षहरु ५४

४.२.७ कमजोरीहरु ५५

४.२.८ अवसरहरु ५६

४.२.९ चुनौतीहरु ५७

४.२.१० सम्भावनाहरु ५८

परिच्छेद पाँच :

निष्कर्ष तथा सुझाव

५.१ निष्कर्ष ६१

५.२ सुझावहरु ६२

सन्दर्भ सूची

अनुसूचीहरु

# तालिका सूची


| | |
|---|---|
| तालिका नं. १ | विद्यालयको तहगत खूद भर्नादर स्थिति |
| तालिका नं. २ | विद्यालय तथा उत्तरदाता छनौट विवरण |
| तालिका नं. ३ | विद्यालय सेवा क्षेत्रमा छात्राहरुको सहजै देखिने भर्नादर स्थिति |
| तालिका नं. ४ | विद्यालय सेवा क्षेत्रमा छात्राहरुको खूद भर्नादर स्थिति |
| तालिका नं. ५ | दलित छात्र / नियमितताको अवस्था |
| तालिका नं. ६ | दलित छात्र / छात्राहरुको कक्षोत्तीर्ण अवस्था |
| तालिका नं. ७ | कक्षा छाड्ने स्थिति |
| तालिका नं. ८ | छात्राहरुको सिकाइ उपलब्धि |
| तालिका नं. ९ | छात्रावृत्ति कोटा र रकमको पारदर्शिता |
| तालिका नं. १० | छात्रवृत्ति वितरण परम्परा |
| तालिका नं. ११ | छात्रावृत्ति निर्देशिका सम्बन्धी कार्यान्वयन स्थिति |
| तालिका नं. १२ | जि.शि.का. बाट भएका नीति निर्देशन सम्बन्धी कार्यहरु |
| तालिका नं. १६ | दलित छात्रवृत्ति रकमको पर्याप्तता/अपर्याप्तता |
| तालिका नं. १७ | छात्रवृत्तिको सदुपयोग स्थिति |
| तालिका नं. १९ | छात्रा छात्रवृत्तिप्रतिको सकारात्मकता |

# संक्षिप्त शव्दहरुको पुर्ण रुप

| | |
|---|---|
| जि.शि.का | जिल्ला शिक्षा कार्यालय |
| शा.अ. | शाखा अधिकृत |
| वि.व्य.स. | विद्यालय व्यवस्थापन समिति |
| आ.प्रा.शि.प | आधारभूत प्राथमिक शिक्षा परियोजना |
| वि.नि. | विद्यालय निरीक्षक |
| प्र.अ | प्रधानाध्यापक |
| EFA | Education For All |
| SESP | Secondary Education Support Program |
| GER | Gross Enrolment Ratio |
| NER | Net Enrolment Ratio |
| SWAN | Social Welfare Association of Nepal |
| SSRP | School Sector Reform Programme |